# गणतन्त्र फ्रान्सको संविधान

४ अक्टोबर १९५८

## नेपाली अनुवाद

Liberté • Égalité • Fraternité
RÉPUBLIQUE FRANÇAISE

प्रकाशक :

फ्रान्सेली राजदूतावास
काठमाडौं, नेपाल ।

फ्रान्सेली केन्द्र af de Katmandou

अनुवादक :

प्रबिण विक्रम राणा तथा रिजेन्द्र कुमार श्रेष्ठ
फ्रान्सेली केन्द्र, काठमाडौं ।

# गणतन्त्र फ्रान्सको संविधान

४ अक्टोबर १९५८

# नेपाली अनुवाद

अनुवादक :

**प्रबिण विक्रम राणा तथा रिजेन्द्र कुमार श्रेष्ठ**

फ्रान्सेली केन्द्र, काठमाडौं ।

परामर्श :

**माननीय श्री टोपबहादुर सिंह**

पूर्व न्यायाधीश, सर्वोच्च अदालत

कार्यकारी निर्देशक, राष्ट्रिय न्यायिक प्रतिष्ठान ।

प्रकाशक :

**फ्रान्सेली राजदूतावास, काठमाडौं, नेपाल ।**

मिति : ११ सेप्टेम्बर २००९

१००० प्रति

# प्रस्तावना

फ्रान्सेली जनताले सन् १७८९ को घोषणाद्वारा परिभाषित र सन् १९४६ को संविधानको प्रस्तावनाले सदर र सम्मान प्रदान गरेको मानवको अधिकारहरू तथा राष्ट्रिय सार्वभौमसत्ता द्वारा २००४ को वातावरण सम्बन्धी वडापत्र तथा परिभाषित अधिकार र कर्तव्यहरूप्रति प्रतिवद्धता जाहेर गर्दै गम्भीरतापूर्वक उद्घोष गर्दछ ।

उपर्युक्त सिद्धान्तहरूका साथै राष्ट्रहरूको आत्म निर्णयसमेतको आधारमा फ्रान्सेली गणतन्त्रले माथिका सिद्धान्तहरूपालन गर्न इच्छा व्यक्त गरेका तथा स्वतन्त्रता, समानता र भाइचाराको सामान्य आदर्शप्रति समर्पित भई तथा प्रजातान्त्रिक तबरले आफ्नो विकास गर्नका लागि सोंच बनाएका समुद्रपारीका प्रदेशहरूलाई नयाँ संरचना प्रदान गर्नेछ । ती मूलधारहरू र जनताका स्वघोषित मूलधारका आधारमा गणतान्त्रिक फ्रान्समा गाँसिन चाहना राखेका समुन्द्रपारीका प्रदेशहरूलाई स्वतन्त्रता, समानता र भाइचाराका साझा आदर्शमा आधारित र प्रजातन्त्रको विकास गर्ने उद्देश्यले नयाँ संरचनाहरू प्रदान गरिनेछ ।

### धारा - १

फ्रान्स एक अविभाज्य, धर्मनिरपेक्ष, प्रजातान्त्रिक र समाजवादी गणतन्त्रात्मक राज्य हुनेछ । यसले सम्पूर्ण नागरिकहरूलाई उत्पति, जातीय र धार्मिक भेदभाव बिना समान कानूनका समक्ष समानताको प्रत्याभूति गर्नेछ । यसले सम्पूर्ण आस्थाहरूलाई सम्मान गर्नेछ । यसको संरचना विकेन्द्रीकरणको आधारमा हुनेछ ।

ऐनहरूले महिला र पुरूषलाई सबै सम्पूर्ण निर्वाचित अङ्गहरू र पदहरूका साथै प्रशाशनिक, व्यावसायिक तथा सामाजिक दायित्व बहन गर्ने पदहरूमा समान पहुँचको प्रोत्साहन गर्नेछन् ।

## भाग -१
## सार्वभौमसत्ता

### धारा - २

गणतन्त्र फ्रान्सको भाषा फ्रान्सेली हुनेछ ।

नीलो, सेतो, रातो तिरङगीय झण्डा राष्ट्रिय प्रतीक चिन्ह हुनेछ ।

ला मार्सेऐज (La Marseillaise) राष्ट्रिय गान हुनेछ ।

स्वतन्त्रता, समानता, भाइचारा गणतन्त्र फ्रान्सको सूक्ति हुनेछ ।

जनताको, जनताद्वारा र जनताको लागि सरकार भन्ने फ्रान्स गणतन्त्रको सिद्धान्त हुनेछ ।

### धारा - ३

जनतामा देशको सार्वभौमसत्ता निहित रहनेछ । जनताले आफूमा निहित सार्वभौमसत्ताको प्रयोग आफ्ना प्रतिनिधिहरूमार्फत र जनमत संग्रहको माध्यमबाट गर्नेछन् ।

जनताको कुनै समूह वा कुनै व्यक्तिले सो प्रयोगलाई आफ्नो हितमा अनाधिकृत रूपमा गर्न पाउने छैन ।

संविधानले व्यवस्था गरेबमोजिम मतदान प्रत्यक्ष वा परोक्ष रूपमा हुनेछ । यो सदैव सर्वव्यापी, समान र गोप्य हुनेछ ।

उमेर पुगेका तथा राजनीतिक अधिकार प्राप्त कुनै पनि लिङ्गको सम्पूर्ण फ्रान्सेली नागरिकहरूले कानूनद्वारा व्यवस्था गरे बमोजिम मतदान गर्न पाउनेछन् ।

### धारा - ४

राजनीतिक दल वा समूहहरूले मतदान प्रयोग गर्न लागि योगदान गर्नेछन् । निजहरूले आफ्नो स्थापना र गतिविधिहरू स्वतन्त्र रूपमा सञ्चालन गर्नेछन् । निजहरूले राष्ट्रिय सार्वभौमसत्ता र प्रजातन्त्रको सिद्धान्तप्रति सम्मान गर्नेछन् ।

निजहरूले यस संविधानको धारा १ को दोस्रो अनुच्छेदमा उल्लिखित र ऐन बमोजिम व्यवस्था गरि एका सिद्धान्तको कार्यान्वयनमा योगदान गर्नेछन् ।

ऐनहरूले राजनीतिक दलहरूलाई तथा समूहहरूको राष्ट्रको प्रजातान्त्रिक जीवनमा समान सहभागिता जनाउन र बहुलवादी विचार अभिव्यक्त गर्न प्रत्याभूत गर्नेछन् ।

# भाग -२
# फ्रान्स गणतन्त्रको राष्ट्रपति

## धारा - ५

फ्रान्स गणतन्त्रको राष्ट्रपतिले संविधानप्रति उचित सम्मान दिनेछ। निजले आफ्नो मध्यस्थतामार्फत सार्वजनिक निकायहरूको सुचारू संचालन र राज्यको निरन्तरता सुनिश्चित गर्नेछ ।

निजले राष्ट्रिय स्वतन्त्रता, अखण्डता कायम गर्न र सन्धिहरूप्रतिको उचित सम्मान प्रत्याभूति गर्नेछ ।

## धारा - ६

बालिग नागरिकहरूको प्रत्यक्ष मतदानबाट फ्रान्स गणतन्त्रको राष्ट्रपति पाँच वर्षको पदावधिको लागि निर्वाचित हुनेछ ।

एउटै व्यक्ति लगातार दुई पटक भन्दा बढी राष्ट्रपति हुन पाउने छैन ।

यस धाराको कार्यान्वयन सम्बन्धी शर्तहरू संवैधानिक निकाय आंगिक ऐन* द्वारा निर्धारित गरिए बमोजिम हुनेछ ।

## धारा - ७

गणतन्त्रको राष्ट्रपतिको निर्वाचनमा मतदान गरिएको मतहरूको पूर्ण बहुमतबाट निज निर्वाचित हुनेछ । तर यदि पहिलो मतदानमा कसैलाई पनि बहुमत प्राप्त भएन भने, पहिलो चरणको निर्वाचनको चौधौं दिन दोस्रो चरणको मतदान सम्पन्न गर्नुपर्नेछ। पहिलो चरणमा सबै भन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरू वा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारहरूले दोस्रो चरणको निर्वाचनमा उम्मेदवारीबाट नाम फिर्ता लिएमा नजनाएमा, बाँकी सबै भन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारहरूबीच दोस्रो चरणको मतदानमा प्रतिस्पर्धा हुनेछ ।

राष्ट्रपतिलाई निर्वाचन गर्ने प्रक्रिया सो बापत सरकारद्वारा तोकिएबमोजिक सम्पन्न हुनेछ । नयाँ राष्ट्रपतिको लागि निर्वाचन बहालवाला राष्ट्रपतिको पदावधि समाप्त हुनु भन्दा कम्तिमा बीस दिन र बढीमा पैत्तीस दिनभित्र सम्पन्न गर्नुपर्नेछ ।

यदि कुनै कारणवश राष्ट्रपतिको पद रिक्त हुन गएमा वा सरकारको सिफारिशमा संविधान परिषद्का सदस्यहरूको पूर्ण बहुमतले राष्ट्रपति आफ्नो काम कर्तव्य, अधिकारबाट असक्षम भएको छ भनी पारित गरेमा दफा ११ र १२ मा उल्लेखित अधिकारहरू बाहेक, निजको अरू अधिकारहरू सीनेटका सभापतिले अस्थायी रूपमा प्रयोग गर्नेछन्, वा यदि पछि निज पनि सो प्रयोग गर्न असक्षम भएमा सरकारद्वारा राष्ट्रपतिको अधिकार प्रयोग हुनेछ ।

---

* *यी चिन्ह भएका शब्दहरू फ्रान्सेली, अंग्रेजी तथा नेपाली भाषामा अनुसूचीमा अनुवाद गरिएको छ।*

राष्ट्रपतिको पद रिक्त भएमा वा संवैधानिक परिषद्ले निज स्थायी रूपमा राष्ट्रपतिको कार्य गर्न असक्षम भनी घोषित गरेमा नयाँ राष्ट्रपतिको लागि चुनाव गरिनेछ । संवैधानिक परिषद्ले कुनै असामान्य अवस्था ठहर गरेको परिस्थिति बाहेक राष्ट्रपतिको पदरिक्त भएको वा निजलाई असक्षम ठहर गरेको मितिबाट कम्तिमा २० दिन र बढीमा ३५ दिनभित्र चुनाव गराइनेछ ।

उम्मेदवार मनोनयनपत्र दर्ता गर्ने अन्तिम मितिको कम्तिमा ३० दिन अगाडि नै सार्वजनिक रूपमा उम्मेदवारीको घोषणा गरेका व्यक्तिहरू मध्य कसैको सो मनोनयन पत्र दर्ता गर्ने अन्तिम मिति अगाडि सात दिन भित्र मृत्यु भएमा वा अयोग्य ठहर गरिएको अवस्थामा संवैधानिक परिषद्ले उक्त निर्वाचन स्थगित गर्ने निर्णय गर्न सक्छ ।

यदि प्रथम चरणको मतदान हुनु भन्दा अगाडि उम्मेदवारहरू मध्य कसैको मृत्यु भएमा वा अयोग्य घोषित भएमा संवैधानिक परिषद्ले चुनाव स्थगित गर्ने घोषणा गर्न सक्छ ।

पहिलो चरणको निर्वाचनमा बढी मत प्राप्त गर्ने दुई उम्मेदवार मध्य, अरू उम्मेदवारले नाम फिर्ता लिनु भन्दा अगाडि, कुनै दुई मध्य एकको मृत्यु भएमा वा अयोग्य घोषित भएमा संवैधानिक परिषद्ले सम्पूर्ण निर्वाचन प्रक्रिया शुरूबाट गर्ने निर्णय गर्नेछ । त्यसैगरी दोस्रो चरणको निर्वाचनका दुई उम्मेदवार मध्य कुनै एकको मृत्यु भएमा वा अयोग्य ठहर भएमा पनि संवैधानिक परिषद्ले माथि उल्लेखित निर्णय गर्नेछ ।

धारा ६१ को दोस्रो अनुच्छेदमा उल्लेख भएबमोजिम वा धारा ६ मा भएको उम्मेदवारी दर्ता सम्बन्धी आंगिक ऐनका प्रावधानहरू बमोजिमका सबै अवस्थाहरू संवैधानिक परिषद्मा जाहेर गर्नुपर्नेछ ।

संवैधानिक परिषद* को निर्णय भएको मितिबाट बढीमा ३५ दिनभित्र निर्वाचन हुने गरी संवैधानिक परिषद्ले माथि उल्लेख गरिएका तेस्रो र पाँचौं अनुच्छेदमा लेखिएबमोजिम म्याद थप गर्न सक्दछ । यदि यस अनुच्छेदका प्रावधान बमोजिम बहालवाला राष्ट्रपतिको पदावधि सकिने मिति भन्दा पछिको मितिमा निर्वाचन पर्न गएको अवस्थामा निजको उत्तराधिकारी घोषित नभएसम्मका लागि निजले सो पदभार समाल्नेछ ।

राष्ट्रपतिको पद रिक्त भएको अवधिभर वा राष्ट्रपति अयोग्य भएको मितिदेखि निजको उत्तराधिकारीको निर्वाचन नभएसम्मको अवधिभर संविधानका धारा ४९, ५० र ८९ का व्यवस्थाहरू लागू गरिने छैन ।

**धारा - ८**

राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्नेछ । प्रधानमन्त्रीले राजीनामा पेश गरेमा राष्ट्रपतिले निजलाई पदमुक्त गर्नेछ ।

प्रधानमन्त्रीको सिफारिशमा निजले सरकारका अरू सदस्यहरूको मनोनयन वा निजहरूलाई पदमुक्त गर्नेछ ।

**धारा - ९**

राष्ट्रपतिले मन्त्रिपरिषद्को अध्यक्षता गर्नेछ ।

**धारा - १०**

संसदबाट पारित भएर सरकार समक्ष पठाइएका ऐनहरू पारित भएको मितिले पन्ध्र दिनभित्र राष्ट्रपतिले जारी गर्नेछ ।

निजले उक्त समयावधि ननाघ्ने गरी पारित भएका ऐन वा त्यसका कुनै दफाहरूमाथि पुनर्विचार गर्न माग गर्न सक्नेछ । निजको उक्त पुनर्विचारको मागलाई अस्वीकार गरिनेछैन ।

**धारा - ११**

अधिवेशनको अवधिमा सरकारी प्रस्तावमा वा दुवै सदनको संयुक्त प्रस्तावमा सरकारी पत्रमा प्रकाशित गरी, ती सबै विधेयकहरू, जुन प्रशासनिक निकायको संरचना, राज्यको आर्थिक, सामाजिक, वातावरणीय नीति सुधार र सार्वजनिक सेवाहरूको अभिवृद्धि गर्ने विषय सम्बन्धित छन् र सम्बन्धित निकायहरूको संचालनमा बाधा पु¥याउने खालका सन्धिहरूलाई अनुमोदन गर्ने खालका छन्, राष्ट्रपतिले जनमत संग्रहमा पेश गर्न सक्नेछ ।

जनमत संग्रह सरकारी प्रस्तावको आधारमा भएको खण्डमा सरकारले प्रत्येक सदन समक्ष वक्तव्य दिनेछ र सो पश्चात् बहस प्रारम्भ गरिनेछ ।

*[ऐनले निर्धारण गरेका शर्तहरू र ती शर्तहरू लागू आवश्यक आंगिक ऐन अनुसार लागू भएको (२३ जुलाई २००८ को संवैधानिक ऐन २००८-७२४ को धारा ४६-१)* पहिलो अनुच्छेदमा उल्लेखित विषयसँग सम्बन्धित जनमत संग्रह मतदाता नामावलीमा समावेश १/१० मतदाताको समर्थनमा संसदका १/५ सदस्यहरूको पहलमा गर्न सकिनेछ । यो पहलबाट प्रस्तावित विधेयक व्यक्तिगत विधेयक हुनेछ । यो बितेको एक वर्षभित्रमा जारी भएका व्यवस्थापकीय, प्रावधानहरूलाई खारेज गर्न लागू हुन सक्नेछैन ।

आंगिक ऐनले यस विधेयक प्रस्ताव गर्ने शर्तहरू र संवैधानिक परिषद्ले माथिको अनुच्छेदमा उल्लेखित व्यवस्थाहरू पालना भएको नभएको अनुगमन गर्ने शर्त तयार गर्नेछ ।

व्यक्तिगत सदस्यको विधेयकमाथि आंगिक ऐनले तोकेको म्यादभित्र दुवै सदनले विचार नगरेको खण्डमा राष्ट्रपतिले सो विधेयक जनमत संग्रहमा पठाउन सक्नेछ ।

कुनै पनि व्यक्तिगत सदस्यको विधेयक जनताले अस्वीकार गरेको खण्डमा पहिलो जनमत संग्रह भएको मितिले दुई वर्षसम्म पुनः त्यही विषयमाथि अर्को जनमत संग्रहको प्रस्ताव राख्न पाइनेछैन । सरकारी वा व्यक्तिगत सदस्यको विधेयक जनमत संग्रहद्वारा पारित भएमा परिणाम घोषणा भएको पन्ध्र दिनभित्र राष्ट्रपतिले ऐन जारी गर्नेछ ।*]*

सरकारी वा व्यक्तिगत विधेयक जनमत संग्रहबाट पारित भएमा परिणाम घोषणा भएको पन्ध्र दिनभित्र राष्ट्रपतिले ऐन जारी गर्नेछ ।

**धारा - १२**

राष्ट्रपतिले प्रधानमन्त्री र संसद सदनहरूका सभापतिहरूसँगको परामर्श गरी राष्ट्रियसभाको विघटन गर्न सक्नेछ ।

विघटन भएको कम्तिमा २० दिन र बढीमा ४० दिनभित्र आमचुनाव गरिनेछ ।

राष्ट्रियसभाको चुनाव सम्पन्न भएको दोस्रो बिहीबारका दिन अधिकार स्वरूप राष्ट्रियसभाको बैठक बस्नेछ । साधारण अधिवेशनका लागि तोकिएको अवधिमा सो बैठक नपरेमा १५ दिनको अवधिका लागि अधिकार स्वरूप आह्वान गरिनेछ ।

चुनाव सम्पन्न भएको मितिबाट १ वर्षसम्म राष्ट्रियसभा विघटन गर्न पाइँदैन ।

**धारा - १३**

राष्ट्रपतिले मन्त्रिपरिषद्बाट पारित भएका अध्यादेशहरू र आदेशहरूमा हस्ताक्षर गर्नेछ ।

निजले निजामती र सैनिक पदमा नियुक्ति गर्नेछ ।

राज्य परिषद्का सदस्यहरू, Le grand chancelier de la Légion d'Honneur, राजदूतहरू तथा विशेष प्रतिनिधि, Conseillers Maitres of the Cour Comptes, प्रमुख जिल्ला अधिकारी* धारा ७४ ले व्यवस्था गरेका समुन्द्रपारीका समुदायहरूमा राज्यका प्रतिनिधि र New Caledonia का लागि राज्य प्रतिनिधिहरू, सैनिक सेवाको उच्च ओहदाका अधिकृतहरू, विश्वविद्यालयहरूका शिक्षाध्यक्षहरू, केन्द्रीय सरकारी विभागका निर्देशकहरू मन्त्रिपरिषद्को निर्णयबाट नियुक्त गरिनेछ ।

मन्त्रिपरिषद्को निर्णयबाट नियुक्त हुने अरू पदहरू र राष्ट्रपतिद्वारा गर्ने अन्य नियुक्ति सम्बन्धमा निजको नामबाट नियुक्त गर्ने अधिकारको प्रत्यायोजन हुने प्रक्रिया आंगिक ऐनले निर्धारण गर्नेछ

*[ऐनले निर्धारण गरेका शर्तहरू र ती शर्तहरू लागू आवश्यक आंगिक ऐन अनुसार लागू भएको (२३ जुलाई २००८ को संवैधानिक ऐन २००८-७२४ को धारा ४६-१)*

माथिको तेस्रो अनुच्छेदमा उल्लिखित पदहरू र ओहदाहरू अतिरिक्त अधिकार र स्वतन्त्रताको सुनिश्चितताको लागि अथवा राज्यको आर्थिक र सामाजिक क्षेत्रको लागि महत्वपूर्ण अरू पदहरू र ओहदाहरू आंगिक ऐनले निर्धारण गर्दछ र सो कारणले गर्दा प्रत्येक सदनको सम्बन्धित स्थायी समितिमा सार्वजनिक बहस पश्चात् मात्र राष्ट्रपतिले ती पदहरू र ओहदाहरूमा नियुक्ति गर्नेछ । दुवै सदनको सम्बन्धित स्थायी समितिमा भएको मतदानमा नियुक्तिको विपक्षमा खसेको सम्पूर्ण मत ३/५ भएमा राष्ट्रपतिले नियुक्त गर्न सक्नेछैन । सम्बन्धित पद र ओहदालाई मद्देनजर गरी

ऐनहरूले सम्बन्धित स्थायी समितिहरू निर्धारण गर्नेछन् ।]

**धारा - १४**

राजदूतहरू र विदेशी राज्यहरूको लागि विशेष प्रतिनिधिहरूको रूपमा जाने व्यक्तिहरूलाई ओहदाको प्रमाणपत्र राष्ट्रपतिले प्रदान गर्नेछ । विदेशी राजदूतहरू र विशेष प्रतिनिधिहरूबाट निजले ओहदाको प्रमाणपत्र ग्रहण गर्नेछ ।

**धारा - १५**

राष्ट्रिपति सैनिक परमाधिपति रहनेछ। निजले सबै उच्च राष्ट्रिय सुरक्षा परिषद्हरू र समितिहरूको अध्यक्षता गर्नेछ ।

**धारा - १६**

गणतन्त्रका संस्थाहरू, राष्ट्रको स्वतन्त्रता, क्षेत्रीय अखण्डता वा अन्तर्राष्ट्रिय प्रतिवद्धता निर्वाहप्रति गम्भीर र तत्काल आघात पुग्ने र संवैधानिक निकायको संचालन नै रोकिएको अवस्थामा प्रधानमन्त्री, दुवै सदनका सभापतिहरू र संवैधानिक परिषद्सँगको औपचारिक परामर्श गरी, परि स्थिति अनुरूप, राष्ट्रपतिले आवश्यक कदम चाल्नेछ ।

निजले जानकारी दिनको लागि राष्ट्रलाई सम्बोधन गरी कुन कदम चाल्न लागेको हो सो कुराको जानकारी दिनेछन् ।

राष्ट्रपतिको सो कदम संवैधानिक निकायहरूलाई यथाशक्य चाँडो आफ्ना दायित्वहरू निर्वाह गर्न आवश्यक साधन उपलब्ध गराउने उद्देश्यले प्रेरित भएको हुनुपर्नेछ । यस्ता कदमका सम्बन्धमा संवैधानिक परिषद्को परामर्श लिनुपर्नेछ ।

अधिकार स्वरूप संसदको बैठक बस्नेछ ।

यस्ता विशेष संकटकालीन अधिकारहरूको कार्यान्वयन भएको अवधिभर राष्ट्रियसभा विघटन गर्न पाईंदैन ।

यस्तो संकटकालीन अधिकारहरूको प्रयोग भएको ३० दिन पश्चात् माथिको प्रथम अनुच्छेदमा उल्लेख भएबमोजिम अवस्थाहरू विद्यमान छ वा छैन भनी छानबीन गर्ने उद्देश्यले राष्ट्रियसभाको सभापति, सीनेटको सभापति, साठी राष्ट्रियसभाका सांसदहरू अथवा साठी सीनेटरहरूले उक्त विषय संवैधानिक परिषद् समक्ष लैजान सक्नेछ । संवैधानिक परिषद्ले यथाशक्य चाँडो आफ्नो निर्णय सार्वजनिक घोषणा मार्फत गर्नेछ । संकटकालीन अधिकारको प्रयोग भएको साठी दिन पश्चात् अथवा सो अवधि भन्दा पछि कुनै पनि समयमा अधिकार स्वरूप सोको छानबीन गरी यस अघि उल्लेख भएको तरीका अनुसार निर्णय सार्वजनिक गर्नेछ ।

**धारा - १७**

व्यक्तिगत हैसियतमा माफी दिने अधिकार राष्ट्रपतिमा निहित रहनेछ ।

**धारा - १८**

राष्ट्रपतिले दुवै सदनसँग सन्देशहरूमार्फत सम्वाद गर्नेछ । निजले ती सन्देशहरूको बाचन गर्न लगाउँछ, तर सोउपर कुनै बहस हुनेछैन ।

राष्ट्रपतिको सन्देश राख्नको लागि बोलाइएको सदनहरूको संयुक्त बैठकमा राष्ट्रपतिले आफ्नो व्यहोरा सुनाउनेछन् । निजको अनुपस्थितिमा निजको सन्देशको व्यहोराउपर बहस हुन सक्छ तर मतदान हुनेछैन ।

सदनको अधिवेशन नचलेको बेलामा यसै उद्देश्यका लागि विशेष बैठक बोलाइनेछ ।

**धारा - १९**

धारा ८ (अनुच्छेद १), ११, १२, १६, १८, ५४, ५६ र ६१ अन्तर्गत उल्लेख भएको प्रावधानमा बाहेक राष्ट्रपतिका सबै लिखतहरूमा प्रधानमन्त्री र आवश्यकता अनुसार सम्बन्धित मन्त्रीहरूद्वारा प्रतिहस्ताक्षर गरिनेछ ।

# भाग - ३
# सरकार

## धारा - २०

सरकारले राज्यको नीति निर्माण र सञ्चालन गर्नेछ ।

निजामती सेवा र सशस्त्र बलहरू सरकारको मातहतमा रहनेछन् ।

सरकार धारा ४९ र ५० मा उल्लेख गरिएका शर्त र कार्यविधिबमोजिम संसदप्रति उत्तरदायी हुनेछ ।

## धारा - २१

प्रधानमन्त्रीले सरकारको काम कारवाहीको निर्देशन गर्नेछ । राष्ट्रिय सुरक्षा निजको दायित्व हुनेछ । निजले कानूनको कार्यान्वयनको सुनिश्चित गर्नेछ । धारा १३ को अधीनमा रही निजमा निजामती तथा सैनिक पदमा नियुक्ति गर्ने तथा नियन्त्रण गर्ने अधिकार रहनेछ ।

निजले आफ्ना अधिकारहरूमध्य केही अधिकार मन्त्रीहरूलाई प्रत्यायोजित गर्न सक्नेछ ।

आवश्यक परेको खण्डमा, धारा १५ ले प्रावधान गरेका समितिहरू र परिषद्हरूमा निजले राष्ट्रपतिको प्रतिनिधिको रूपमा अध्यक्षता गर्नेछ ।

विशेष अवस्थामा निजले राष्ट्रपतिको स्पष्ट आदेशमा तोकिएको विषयहरूमा राष्ट्रपतिको प्रतिनिधिको रूपमा मन्त्रिपरिषद्को बैठकको अध्यक्षता गर्न सक्नेछ ।

## धारा - २२

प्रधानमन्त्रीले गरेका लिखतहरूमा आवश्यक अवस्थाहरूमा सम्बन्धित मन्त्रीहरूको प्रतिहस्ताक्षर रहनेछ ।

## धारा - २३

संसदीय सदस्य रहेका, राष्ट्रियस्तरको व्यावसायिक प्रतिनिधिको रूपमा काम गरेका, सरकारी सेवामा काम गरेका तथा व्यावसायिक गतिविधिमा संलग्न भएका व्यक्तिहरू मन्त्रिपरिषद्को सदस्यताको लागि अयोग्य हुन जान्छ ।

निजहरूको पद, कार्य तथा रोजगारीको प्रतिस्थापन आंगिक ऐनले व्यवस्था गरे बमोजिमको हुनेछ ।

संसदीय सदस्यहरूको स्थान पूर्तिको कार्य धारा २५ ले प्रावधान गरे बमोजिमको हुनेछ ।

# भाग -४
# संसद

### धारा - २४

संसदले ऐन पारित गर्नेछ। यसले सरकारको काम कारवाहीको अनुगमन गर्नेछ। यसले सार्वजनिक नीतिहरूको मूल्याङ्कन गर्नेछ ।

यसमा राष्ट्रियसभा र सीनेट पर्दछन् ।

अधिकतम् ५७७ सदस्यहरू रहने गरी राष्ट्रियसभाका सदस्यहरू प्रत्यक्ष मतदानको आधारमा निर्वाचित हुन्छन् ।

सीनेटका सदस्यहरू अप्रत्यक्ष मतदानको आधारमा निर्वाचित हुन्छन् । यसको अधिकतम् सदस्य संख्या ३४८ रहनेछ। यसले क्षेत्रीय राज्यको निकायहरूको प्रतिनिधित्व रहने सुनिश्चित गर्नेछन् ।

फ्रान्स बाहिर बसोबास गरिरहेका फ्रान्सेलीहरूको प्रतिनिधित्व राष्ट्रिय सभा र सीनेटमा रहनेछ ।

### धारा - २५

हरेक सदनको अवधि, सदस्य संख्या, उनीहरूको भत्ता, योग्यता र अयोग्यता सम्बन्धी शर्तहरू आंगिक ऐनले निर्धारण गर्दछ ।

राष्ट्रिय सभाको सदस्य वा सीनेटरको पद, निज सदस्य भएको सभामा निर्वाचनबाट सामान्य वा आंशिक नवीकरण वा सरकारी पद स्वीकार गरेको कारणबाट रिक्त पद स्थायी रूपमा पूर्ति नहुञ्जलेसम्म रिक्त अवस्थामा पदपूर्तिको लागि अथवा निजले सरकारी कार्यभार बहन गर्न मञ्जुर गरेमा अस्थायी पदपूर्तिको लागि चयन गरेका व्यक्तिहरूको नियुक्तिको सम्बन्धमा शर्तहरू आंगिक ऐनले निर्धारण गर्नेछ ।

ऐनबाट अधिकार तथा कर्तव्य तोकिएको एक स्वतन्त्र आयोगले राष्ट्रिय सभाका सदस्यहरूका लागि हुने निर्वाचन क्षेत्र तोक्न वा राष्ट्रिय सभाका सदस्यहरू वा सिनेटरहरूका सदस्य संख्या परिवर्तन गर्न व्यवस्था गर्ने सरकारी र व्यक्तिगत विधेयकउपर सार्वजनिक घोषणामार्फत आफ्नो निर्णय दिनेछ ।

### धारा - २६

कुनै पनि संसदीय सदस्यले आफ्नो कार्यभारसँग सम्बन्धित कर्तव्य पालनको सिलसिलामा व्यक्त गरेको कुनै कुरा वा दिएको मतलाई लिएर निजमाथि अभियोग लगाउन, तहकिकात गर्न, निजलाई पक्राउ गर्न, थुनामा राख्न वा निजका विरूद्ध कुनै पनि अदालती पुर्पक्ष गरिनेछैन ।

संसदको कुनै पनि सदस्यलाई निज सदस्य रहेको सदनको विभागीय अख्तियारी विना निजलाई गम्भीर अपराध वा मुख्य कसूरमा गिरफ्तार गरिने निजमाथि निषेधाज्ञा वा अर्द्ध निषेधाज्ञा जारी गर्न पाइदैन । तर नैतिक पतन देखिने गम्भीर अपराध वा मुख्य कसूरमा वा अदालतको अन्तिम फैसलाबाट सजाय पाएको अवस्थामा यस किसिमको अख्तियारी लिनु पर्दैन ।

कुनै संसदीय सदस्यमाथि जारी गरिएको निषेधाज्ञा वा अर्द्धनिषेधाज्ञा वा निजउपर चलाइएको अदालतीय कारवाही वा थुनामा भए, निज सदस्य रहेको सदनले अनुरोध गरेमा अधिवेशन अवधिभरको लागि स्थगित गरिनेछ ।

माथि उल्लिखित अनुच्छेद कार्यान्वयनको लागि सम्बन्धित सदनले अधिकार स्वरूप आवश्यकतानुसार थप बैठकहरू बस्न सक्नेछन् ।

## धारा - २७

कुनै पनि उम्मेदवार कुनै बाध्यात्मक कार्यादेश सहित चुनिने छैन । संसदीय सदस्यहरूको मताधिकार व्यक्तिगत हुनेछ । आंगिक ऐनले विशेष अवस्थामा परोक्षी मताधिकार दिन सक्छ । यो अवस्थामा एक व्यक्तिले एक भन्दा बढी परोक्षी मताधिकार प्राप्त गर्न सक्दैन ।

## धारा - २८

संसद अधिकार स्वरूप एक साधारण अधिवेशनमा बस्नेछ । सो अधिवेशन अक्टोबर महिनाको पहिलो विदा नपरेको दिन शुरू हुन्छ र जुन महिनाको अन्तिम विदा नपरेको दिन अन्त्य हुन्छ ।

साधारण अधिवेशनको दौरानमा बस्ने हरेक सदनको बैठक अधिकतम् १२० दिनको हुनेछ । हरेक सदनले बैठक बस्ने हप्ताको संख्या निर्धारण गर्नेछ ।

सम्बन्धित सदनको सभापतिको परामर्शमा प्रधानमन्त्रीले अथवा सदनको सदस्यहरूको बहुमतले बैठकको लागि आवश्यक थप दिनहरू निर्धारण गर्न सक्छ ।

बैठक बस्ने मिति र समय प्रत्येक सदनको नियम अनुसार निर्धारण हुनेछ ।

## धारा - २९

तोकिएको विषयमा छलफल गर्नको लागि प्रधानमन्त्रीको अनुरोधमा वा राष्ट्रिय सभाको बहुमतको अनुरोधमा विशेष संसदीय अधिवेशन बोलाइनेछ ।

राष्ट्रिय सभाका सदस्यहरूको अनुरोधमा विशेष अधिवेशन बोलाइएको अवस्थामा जुन विषयमा छलफल गर्न बोलाइएको हो सो सबै विषय माथिको छलफल समाप्त हुनासाथ वा बैठक शुरू भएको मितिदेखि अधिकतम् १२ औं दिनमा, जुन अघि हुन्छ, आदेशद्वारा समाप्त गरिनेछ ।

प्रधानमन्त्रीले मात्रै आदेशद्वारा समाप्त भएको विशेष अधिवेशनको समाप्ति पछिको महिना अघि नयाँ अधिवेशनको माग गर्न सक्दछ ।

**धारा - ३०**

आफ्नो अधिकार स्वरूप संसदका बैठकहरू बसेको अवस्थामा बाहेक विशेष अधिवेशनहरू राष्ट्रपतिद्वारा जारी भएका आदेशबमोजिम आरम्भ तथा समाप्त हुन्छ ।

**धारा - ३१**

सरकारका सदस्यहरू दुवै सदनमा भाग लिन पाउनेछन् । निजहरूको अनुरोधमा निजहरूले संबोधन गर्न पाउनेछन् ।

उनीहरूले सरकारी कर्मचारीहरू सहयोग लिन सक्नेछन् ।

**धारा - ३२**

राष्ट्रियसभाको सभापतिको कार्यकाल राष्ट्रियसभाको अवधिभरको लागि हुनेछ। सीनेटको सभापति सीनेटको सदस्यहरूको हरेक आंशिक नवीकरणका लागि हुने निर्वाचनहरू पश्चात् निर्वाचित हुनेछ ।

**धारा - ३३**

दुवै सदनका बैठकहरू खुला रूपमा बस्नेछन् । त्यहाँ भएका छलफलहरूको पूर्ण विवरण सरकारी पत्रमा प्रकाशित गरिन्छ ।

प्रधानमन्त्रीको अनुरोधमा वा १/१० सदस्यहरूको अनुरोधमा सदनको बैठक बन्द रूपमा बस्न सक्दछ ।

## भाग -५
# सदन र सरकारबीचको सम्बन्धको बारेमा

### धारा - ३४

देहायका विषयहरूको सम्बन्धमा ऐनले नियमहरू बनाउनेछ:

- नागरिक उन्मुक्ति, स्वतन्त्रता, बहुलवाद र स्वतन्त्र सञ्चार माध्यमको प्रयोगका लागि नागरिकहरूलाई प्रदान गरिएका नागरिक अधिकार तथा मौलिक प्रत्याभूतिहरू; राष्ट्रिय सुरक्षाको लागि व्यक्ति तथा व्यक्तिगत सम्पत्तिउपर लगाइने दायित्वहरू;
- राष्ट्रियता, व्यक्तिहरूको पदीयता र हैसियत, वैवाहिक सम्बन्ध, अपुताली तथा बकसपत्र;
- गम्भीर फौजदारी अपराध तथा कसूरहरू साथै तिनका लागि तोकिने दण्डसजाय; फौजदारी कार्यविधि; आममाफी; विभिन्न प्रकृतिका अदालतहरूको स्थापना र न्यायपालिकाका सदस्यहरूको पदीय हैसियत;
- कर निर्धारणको आधार र दर तथा सबै किसिमका कर संकलनका प्रक्रिया; मुद्रा निष्काशन ।

देहायका विषयहरूसँग सम्बन्धित नियमहरू पनि यसै गरी ऐनहरूले नै निर्धारण गर्नेछन्:

- संसदका सदस्यहरू, स्थानीय सभाका सदस्यहरू तथा फ्रान्स बाहिर बसिरहेका फ्रान्सेली नागरिकहरूको प्रतिनिधिको सम्बन्धमा निर्वाचन प्रक्रियाका साथै चुनावबाट प्राप्त अधिकारको प्रयोग सम्बन्धी शर्तहरू र स्थानीय निकायका सभाका सदस्यहरूको कार्य सम्बन्धी;
- कानूनी मान्यता प्राप्त सार्वजनिक निकायहरूको गठन;
- निजामती कर्मचारी र सशस्त्र बलहरूका सदस्यहरूका लागि प्रदान गरिने मौलिक अधिकारहरूको प्रत्याभूति;
- कम्पनीहरूको राष्ट्रियकरण र कम्पनीहरूको सार्वजनिकबाट निजी क्षेत्रतर्फ स्वामित्व हस्तान्तरण ।

ऐनहरूले तल उल्लेखित कुराहरूको समेत आधारभूत सिद्धान्तहरू निर्धारण गर्नेछ:

- राष्ट्रिय सुरक्षाको सामान्य संगठन व्यवस्था;
- क्षेत्रीय निकायहरूको स्वशासन र तिनीहरूको अधिकार क्षेत्र तथा राजश्व;
- शिक्षा;
- वातावरण संरक्षण;
- स्वामित्व, सम्पत्तिमाथि नागरिक अधिकार तथा सार्वजनिक र वाणिज्य दायित्व;
- रोजगार सम्बन्धी कानून, ट्रेड युनियनको कानून र सामाजिक सुरक्षा ।

आंगिक ऐनले तोकेका शर्तहरू र अवस्थाहरूका अधीनमा रही वित्तीय ऐनले राज्यको राजस्व र व्यय निर्धारण गर्नेछ ।

सामाजिक सुरक्षाको* निम्ति वित्तीय कानूनले सामाजिक सुरक्षाको आर्थिक सन्तुलनका शर्तहरूको निर्धारण गर्दछ र आंगिक ऐनले देहायको अवस्था र शर्तहरूमा आम्दानीको स्रोतलाई ध्यानमा राखी आफ्ना खर्चहरूका उद्देश्यहरू निर्धारण गर्दछ ।

कार्यक्रम निर्धारण गर्ने ऐनले राज्यको कार्यहरूका उद्देश्यहरू निर्धारण गर्दछ ।

कार्यक्रम निर्धारण गर्ने ऐनले सार्वजनिक वित्तहरूको बहुवार्षिक कार्यदिशा निर्धारण गर्दछ ।

यस धारामा प्रावधान गरिएका व्यवस्थाहरूलाई आंगिक ऐनले थप निश्चितता र पूर्णता प्रदान गर्नेछ ।

*[ऐनले निर्धारण गरेका शर्तहरू र ती शर्तहरू लागू आवश्यक आंगिक ऐन अनुसार लागू भएको (२३ जुलाई २००८ को संवैधानिक ऐन २००८-७२४ को धारा ४६-१)*

**धारा - ३४-१**

आंगिक ऐनले निर्धारण गरेका शर्तहरूबमोजिम सदनहरूले प्रस्तावहरू पारित गर्न सक्नेछन् ।

कुनै प्रस्तावको मस्यौदाको स्वीकृति वा अस्वीकृतिबाट सरकारले विश्वासको प्रश्न, वा सरकार उपर निषेधाज्ञा उल्लेख हुने ठानेमा त्यस्ता प्रस्तावहरू अग्राह्य हुनेछन् र कार्यसूचिमा समावेश गर्न सकिनेछैन ।*]*

**धारा - ३५**

सदनले युद्धको घोषणाको वैद्यता दिनेछ ।

विदेशमा सशस्त्र बल परिचालन गरेको खण्डमा सरकारले सो निर्णयको जानकारी सो परिचालन गरेको बढीमा ३ दिनभित्र सदनलाई गराउनु पर्दछ र उसले सो परिचालनको उद्देश्यहरू खुलाउनु पर्नेछ। सो जानकारीले बहसको रूप लिन सक्नेछ तर त्यसमा मतदान हुनेछैन ।

सो परिचालन भएको चार महिना नाघेको खण्डमा सरकारले समय अवधि बढाउन संसद समक्ष अनुमति माग्न सक्नेछ । यसले राष्ट्रियसभासँग अन्तिम निर्णयको माग गर्न सक्नेछ ।

यदि चौंथो महिनाको अन्त्यसम्म संसदीय अधिवेशन नचलेको अवस्थामा, संसदको आउँदो अधिवेशनको शुरूमै आफ्नो निर्णय सुनाउनेछ ।

**धारा - ३६**

मन्त्रिपरिषद्ले घेराबन्दीको अवस्थाको आदेश दिनेछ ।

१२ दिन भन्दा बढीको अवधि बढाउनका लागि संसदले मात्र वैद्यता प्रदान गर्नसक्छ ।

**धारा - ३७**

ऐनसँग सम्बन्धित विषयहरू बाहेक अन्य विषयहरू नियमसँग सम्बन्धित हुनेछन् ।

ऐन स्रोत भई पारित भएका विषयहरूमा राज्य परिषद्*सँग परामर्श गरी परिषद्को आदेशद्वारा संशोधन गर्न सकिन्छ । यो संविधान लागू भएपश्चात् पारित गरिएका कुनै प्रावधानहरू यस अघिको अनुच्छेदमा परिभाषा गरिएबमोजिम संवैधानिक परिषद्ले नियमको प्रकृति भएको भनी ठहर गरेको खण्डमा मात्र आदेशद्वारा संशोधन गरिनेछ ।

**धारा - ३७-१**

सीमित उद्देश्य र अवधिको लागि कानून र नियमहरू प्रयोगात्मक आधारमा हुन सक्नेछन् ।

**धारा - ३८**

सरकारले आफ्ना कार्यक्रमहरू कार्यान्वयन गर्न सीमित अवधिको लागि, ऐन सरहका व्यवस्थाहरू अध्यादेशमार्फत लागू गर्ने सम्बन्धमा वैद्यता प्रदान गर्न संसद समक्ष अनुरोध गर्न सक्नेछ ।

मन्त्रिपरिषद्ले राज्य परिषद्सँग परामर्श गरी अध्यादेश जारी गर्न सक्नेछ । अध्यादेश प्रकाशनमा आई सकेपछि लागू हुनेछ । तर अध्यादेश जारी गर्न अख्तियारी दिने ऐनले निर्धारण गरेको समयावधि भित्र अनुमोदनको लागि विधेयक संसदमा पेश गरिएन भने सो अध्यादेश स्वतः निष्क्रिय हुनेछ । स्पष्ट शर्तहरूमा मात्र अध्यादेशहरू अनुमोदन हुनेछन् ।

उपर्युक्त पहिलो अनुच्छेदमा उल्लेख गरिएको अवधिको समाप्तिपछि ऐनको क्षेत्रभित्र परेका विषयहरूसँग सम्बधित अध्यादेश मात्र संसदको ऐनबाट संशोधन गर्न सकिन्छ ।

**धारा - ३९**

प्रधानमन्त्री र संसदका सदस्यहरू दुवै थरिलाई विधेयक प्रस्तुत गर्ने अधिकार हुनेछ ।

सरकारी विधेयकहरू राज्य परिषद्सँग परामर्श गरी मन्त्रिपरिषद्मा छलफल गरिन्छ र दुईमध्य कुनै एक सदनमा पेश गरिनेछ । आर्थिक विधेयक र सामाजिक सुरक्षा सम्बन्धी वित्तीय विधेयक सबै भन्दा पहिले राष्ट्रियसभामा पेश गरिनेछ । दफा ४४ को पहिलो अनुच्छेदलाई बाधा नपुऱ्याने गरी क्षेत्रीय निकायहरूको संरचना सम्बन्धी विधेयकहरू प्रथमतः सीनेटमा पेश गरिन्छ ।

*[ऐनले निर्धारण गरेका शर्तहरू र ती शर्तहरू लागू आवश्यक आंगिक ऐन अनुसार लागू भएको (२३ जुलाई २००८ को संवैधानिक ऐन २००८-७२४ को धारा ४६-१) ।*

आंगिक ऐनले निर्धारण गरेका शर्तहरूको पालना गरी सरकारी विधेयकहरू राष्ट्रिय सभा वा सीनेट समक्ष पेश गरिनेछ ।

सरकारी विधेयक पेश गरिएको पहिलो सदनको सभापति र उपसभापतिको बैठकले आंगिक ऐन सम्मत नभएको ठहर गरेमा सो सरकारी विधेयकलाई बैठकको कार्यसूचीमा राख्न सकिँदैन । यस सम्बन्धमा यदि सभाको सभापतिहरूको बैठक र सरकारबीच विवाद उत्पन्न भएमा सम्बन्धित सदनको सभापति वा प्रधानमन्त्रीले सो विवाद संवैधानिक परिषद्मा लैजान सक्दछ । संवैधानिक परिषद्ले उक्त विवाद ८ दिनभित्र टुङ्गो लगाउनु पर्दछ ।

ऐनले निर्धारण गरेका शर्तहरूका अधीनमा रही कुनैपनि सदनको सभापतिले आफ्नो कुनै सदस्यबाट पेश गरिएको व्यक्तिगत विधेयक, समितिमा विचारार्थ पेश गर्नु अघि त्यसमा सो सदस्यले असहमति नजनाएमा, परामर्शको लागि राज्यपरिषद्मा पेश गर्न सक्नेछ ।*]*

**धारा - ४०**

संसदका सदस्यहरूबाट प्रस्तावित व्यक्तिगत विधेयक वा संशोधनले, यदि सो पारित भएमा देशको राजस्व घटाउने वा नयाँ सार्वजनिक खर्च सृष्टि गर्ने वा कुनै सार्वजनिक खर्च बढाउने खालको हुने भन्ने देखिएमा सो ग्राह्य हुनेछैन ।

**धारा - ४१**

विधायिकी प्रक्रिया चलेको दौरानमा यदि व्यक्तिगत विधेयक वा संशोधन ऐनको क्षेत्रभन्दा बाहिर को वा धारा ३८ ले प्रदान गरेको प्रत्यायोजनासँग बाझिएको देखिएमा सरकार वा सम्बन्धित सदनको सभापतिले अग्राह्य गर्न सक्नेछ । *[१ मार्च २००९ मा लागू भएको ]*

अस्वीकार गर्ने सम्बन्धमा यदि सरकार र सम्बन्धित सदनको सभापतिकाबीच विवाद भएमा, कुनै एक पक्षको अनुरोधमा संवैधानिक परिषद्ले ८ दिनभित्र आफ्नो निर्णय सुनाउनु पर्नेछ ।

**धारा - ४२**

*[१ मार्च २००९ मा लागू भएका]* धारा ४३ अनुसार सम्बन्धित समितिमा पठाएको सरकारी वा व्यक्तिगत विधेयक सम्बन्धित समितिबाट पारित वा अस्वीकृत विषयउपर सदनको पूर्ण बैठकमा छलफल गरिनेछ ।

तथापि, संवैधानिक प्रावधान सम्बन्धी विधेयक, अर्थ विधेयक र सामाजिक सुरक्षा वित्तीय विधेयक प्रस्तुत भएको पहिलो सदनको पहिलो वाचनमा पूर्ण सदन बैठकले सरकारद्वारा प्रस्तुत मस्यौदामाथि

छलफल गर्नेछ । तत्पश्चात्का बाचनहरुमा अर्को सदनद्वारा पठाइएका मस्यौदा माथि छलफछ.ल हुनेछ ।

सरकारी तथा व्यक्तिगत विधेयक जुन सदनमा पहिलो पटक पेश गरिएको हो, सो मितिबाट ६ हप्तापछि मात्रै पूर्ण बैठकले प्रथम वाचनमा सो विधेयकमाथि छलफल गर्नेछ । ती विधेयकहरू पठाइएको दोस्रो सदनमा सो पठाइएको मितिबाट ४ हप्तापछि मात्र छलफल हुनेछ ।

धारा ४५ मा उल्लिखित अवस्थाहरू अनुसार कार्यविधि बढाइएकोमा यस अघिको अनुच्छेद लागू हुनेछैन । सो अनुच्छेद अर्थ विधेयक, सामाजिक सुरक्षा वित्तीय विधेयक वा संकटकालीन अवस्था सम्बन्धी विधेयकहरूमा पनि लागू हुनेछैन ।

**धारा - ४३**

*[१ मार्च २००९ मा लागू भएको]* सरकारी र व्यक्तिगत विधेयकहरू कुनै एक स्थायी समितिमा विचारार्थ पठाइनेछ । हरेक समितिमा आठ जनासम्म सदस्यहरू रहन सक्छ ।

सरकार वा विधेयक पेश भएको सदनको अनुरोधमा सरकारी वा व्यक्तिगत विधेयक यस उद्देश्यका लागि विशेष रूपमा गठन गरिएको समितिमा विचारार्थ पठाइनेछ ।

**धारा - ४४**

संसद सदस्यहरू  र सरकारमा विधेयक संशोधन गर्ने अधिकार निहित हुनेछ । *सदनका नियमहरूले तोकेको शर्तका अधीनमा रही आंगिक ऐनले निर्धारण गरेको ढाँचा अनुसार संशोधनको अधिकार, पूर्ण बैठक वा समितिमा प्रयोग गर्न सकिनेछ । [ऐनले निर्धारण गरेका शर्तहरू र ती शर्तहरू लागू आवश्यक आंगिक ऐन अनुसार लागू भएको (२३ जुलाई २००८ को संवैधानिक ऐन २००८-७२४ को धारा ४६-१]*

छलफल प्रारम्भ भइसकेपछि प्रारम्भमा समितिमा विचारार्थ नपठाइएको संशोधनलाई सरकारले आपत्ति जनाउन सक्नेछ ।

सरकारले अनुरोध गरेको अवस्थामा विधेयक पेश भएको सदनले सरकारबाट प्रस्तावित वा स्वीकृत संशोधनलाई मात्र छलफलमा रहेको विषयको सम्पूर्ण वा कुनै अंश मतदानका लागि राख्नेछ ।

**धारा - ४५**

विधेयक पारित गर्ने उद्देश्यले सरकारी वा व्यक्तिगत विधेयक सदनहरूमा एक पछिको अर्को गरी दुवैमा विचार गरिनेछ । *धारा ४० र ४१ मा प्रतिकूल असर नपर्ने भएमा अपरोक्ष रूपको भएपनि विषयवस्तु संगत रहेको देखिएमा पेश गरिएका अथवा पठाइएका सबै संशोधनहरू पहिलो वाचनमा छलफलको*

*लागि ग्राह्य हुनेछन् । [ १ मार्च २००९ मा लागू भएको ]*

दुवै सदनहरूबीच सहमति नभएको परिणाम स्वरूप यदि प्रत्येक सदनको दोस्रो वाचनपछि पनि सरकारी अथवा व्यक्तिगत विधेयक पारित हुन असम्भव भएको खण्डमा, वा *सरकारले* प्रत्येक सदनको प्रथम वाचनपछि *सदनहरूका सभापतिहरू संयुक्त रूपमा विरूद्ध नभएमा विधेयक पारित गर्ने प्रक्रिया चाँडो गर्ने निर्णय गरेमा* प्रधानमन्त्रीले वा *संयुक्त रूपमा काम गर्दैरहेका दुवै सदनका सभापतिहरूले निर्णय गरेमा निजहरूले* प्रस्तावित विधेयकको छलफल गर्न बाँकी विषयको लागि दुवै सदनको बराबर संख्यामा सदस्यहरू रहने गरी एउटा संयुक्त समिति खडा गर्न सक्दछ । *[ १ मार्च २००९ मा लागू भएको ]*

संयुक्त समितिले तयार पारेको मस्यौदा विधेयक पारित गर्न सरकारले दुवै सदनमा पेश गर्न सक्दछ । सरकारको सहमति बिना कुनै पनि संशोधन मान्य हुनेछैन ।

यदि संयुक्त समितिले साझा विधेयक बनाउन नसकेको खण्डमा वा विधेयकको विषयवस्तु पूर्व अनुच्छेदमा उल्लेख भएबमोजिम पारित नभएमा, राष्ट्रियसभा र सीनेटको नयाँ वाचनमा फेरि सो विधेयक समावेश भएपश्चात्, सरकारले राष्ट्रियसभा समक्ष अन्तिम निर्णयको लागि माग गर्न सक्दछ । यस अवस्थामा संयुक्त समितिले बनाएको विधेयक वा आफैले गरेको संशोधन सहित पारित वा सीनेटले संशोधन सहित पारित गरेको विधेयक राष्ट्रिय सभाले पुनः विचार गर्न सक्दछ ।

**धारा - ४६**

संविधानले आंगिक ऐन भनी व्याख्या गरेका संसदका ऐनहरू यसपछि उल्लिखित शर्तहरू अनुसार पारित तथा संशोधन गरिनेछन् ।

सरकारी वा व्यक्तिगत विधेयक, धारा ४२ को तेस्रो अनुच्छेदमा उल्लिखित म्याद समाप्त भएपछि मात्रै पहिलो वाचनमा सदनहरूको विचारको लागि मतदानमा पेश गर्न सकिनेछ । तथापि, धारा ४५ मा उल्लिखित अवस्थाहरू अनुसार विधेयक चाँडो पारित गर्ने प्रक्रिया थालेको खण्डमा, सरकारी वा व्यक्तिगत विधेयक जुन सदनमा पठाइएको हो, सो सदनद्वारा पेश गरेको मितिबाट १५ दिन अगावै प्रथम अधिवेशनमा विचारार्थ पेश गर्न सकिनेछैन । *[ १ मार्च २००९ मा लागू भएको ]*

धारा ४५ मा उल्लिखित कार्यविधि लागू हुन्छ । तथापि दुई सदनहरूबीच सहमति नभएको अवस्थामा मात्रै राष्ट्रियसभाले अन्तिम वाचनमा आफ्ना सदस्यहरूको पूर्ण बहुमतबाट विधेयक पारित गर्न सक्दछ ।

सीनेट सम्बन्धी आंगिक ऐनहरू एकै किसिमका शर्तहरूमा पारित गरिनेछन् ।

संवैधानिक परिषद्ले ती आंगिक ऐनहरू संविधान सम्मत भएको घोषणा गरेपछि मात्र तिनलाई जारी गर्न सकिन्छ ।

**धारा - ४७**

आंगिक ऐनमा व्यवस्था भए अनुसार आर्थिक विधेयकलाई संसदले स्वीकृत गर्नेछ ।

विधेयक पेश भएको ४० दिनको अवधिमा राष्ट्रियसभाले पहिलो वाचनमा निर्णय दिन नसकेको खण्डमा सरकारले विधेयकलाई सीनेटमा पठाउँछ र सीनेटले १५ दिनभित्र निर्णय गरी जानकारी गराउनु पर्दछ । त्यसपश्चात् धारा ४५ मा उल्लिखित शर्तहरू अनुसारको कार्यविधि लागू हुनेछ ।

यदि संसदले ७० दिनको अवधिमा पनि निर्णय दिन नसकेको खण्डमा विधेयकमा भएका व्यवस्थाहरू अध्यादेशद्वारा लागू गरिन्छ ।

आर्थिक वर्षको राजस्व र व्ययको व्यवस्था गर्ने अर्थ विधेयक लागू गर्नको लागि यदि समयमै सो वर्षको प्रारम्भमा पेश नगरिएको खण्डमा अत्यावश्यक देखाएर सरकारले संसद समक्ष कर उठाउने अख्तियारीको लागि माग गर्नेछ र आदेशद्वारा स्वीकृत भइसकेका प्रतिवद्धताहरू पूरा गर्न अनुरूप कोष उपलब्ध गराउनेछ ।

सदन नचलेको अवधिभर यस धारामा उल्लेखित म्याद स्थगित हुनेछ ।

**धारा - ४७-१**

आंगिक ऐनमा व्यवस्था भए अनुरूप संसदले सरकारको सामाजिक सुरक्षा वित्तीय विधेयक पारित गर्नेछ । विधेयक पेश भएको २० दिनभित्र राष्ट्रियसभाले आफ्नो प्रथम वाचनमा निर्णय नदिएको खण्डमा सरकारले विधेयक सीनेटमा पठाउनेछ र सीनेटले १५ दिनभित्र आफ्नो निर्णय गरी जानकारी गराउनेछ । तत्पश्चात् धारा ४५ मा उल्लेख गरिएको शर्तहरू अनुसारको कार्यविधि लागू हुनेछ । संसदले ५० दिनभित्र निर्णय गर्न नसकेमा विधेयकमा भएका व्यवस्थाहरूलाई अध्यादेशद्वारा लागू गर्न सकिन्छ ।

संसदीय अधिवेशन नचलेको अवधिमा र धारा २८ को दोस्रो अनुच्छेद बमोजिम प्रत्येक अधिवेशनमा जुन हप्तामा सभा नबस्ने भनी सदनले निर्णय गरेको छ सो हप्तामा यस दफामा उल्लेख भएको समयावधि स्थगित हुनेछन् ।

**धारा - ४७-२**

महालेखा आयोग*ले सरकारी कार्यको निगरानी गर्न संसदलाई सहयोग गर्नेछ । यसले आर्थिक ऐनहरू र सामाजिक सुरक्षा वित्तीय ऐनहरू निगरानी गर्न र सार्वजनिक नीतिको मूल्याङ्कन गर्न संसद र सरकारलाई सहयोग गर्नेछ । आफ्ना सार्वजनिक प्रतिवेदनहरू मार्फत नागरिकहरूलाई सूचित गराउनेछ ।

जन-प्रशासनको क्रियाकलापहरू कानून सम्मत र विश्वासिलो हुनेछ । यसले जन प्रशासनका व्यवस्थापन, सम्पत्ति र आर्थिक अवस्थाको सत्य तथा निर्मल दृश्य प्रस्तुत गर्नेछन् ।

**धारा - ४८**

*[ १ मार्च २००९ मा लागू भएको ]* धारा २८ का अन्तिम तीन अनुच्छेदहरूसँग नबाझिने गरी हरेक सदनले आफ्नो एजेण्डा निर्धारण गर्नेछ ।

चारमध्य दुई हप्ताको बैठकमा सरकारले एजेण्डामा सम्मिलित गर्न अनुरोध गरेको विधेयक र छलफलका विषयहरूलाई सरकारले तोकेको क्रम अनुसार प्राथमिकता दिइनेछ ।

यसका अतिरिक्त अर्थ विधेयक, सामाजिक सुरक्षा वित्तीय विधेयक र यसपछिको अनुच्छेदले व्यवस्था गरेबमोजिमका प्रावधानका अधीनमा रही कम्तिमा ६ हप्तादेखि अगावै अर्को सदनले पठाएको विधेयक, संकटकाल सम्बन्धी विधेयक र धारा ३५ मा उल्लेख गरिएका कुराहरूलाई अख्तियारीका लागि गरिएको अनुरोधहरू सरकारको अनुरोध बमोजिम प्राथमिकताका साथ एजेण्डामा समावेश हुनेछन् ।

चार हप्ता मध्य एक हप्ताको बैठकमा, हरेक सदनले तोकेको क्रम अनुसार, सरकारको काम कार वाहीको निगरानी र सार्वजनिक नीतिको मूल्याङ्कनलाई प्राथमिकता दिइनेछ ।

प्रतिपक्ष दलका साथै अल्पसंख्यक दलहरूको पहलमा हरेक सदनले निर्धारण गरेको एजेण्डामाथि छलफलको लागि महिनाको एउटा बैठक छुट्याइएको हुन्छ ।

संसदीय सदस्यहरूको प्रश्न र सरकारको जवाफको लागि, चाहे त्यो धारा २९ ले गरेको विशेष अधिवेशनको बेला नै किन नहोस्, हप्ताको कम्तिमा एउटा बैठक प्राथमिकताको आधारमा छुट्याइएको हुनेछ ।

**धारा - ४९**

मन्त्रिपरिषद्मा छलफल पश्चात् प्रधानमन्त्रीले राष्ट्रियसभा समक्ष सरकारको कार्यक्रम र सम्भवतः सरकारको सामान्य नीति सम्बन्धी संवोधन गर्न सक्नेछ, र सो विश्वासको मतका लागि आधार हुन सक्नेछ ।

राष्ट्रियसभाले अविश्वासको प्रस्ताव मार्फत सरकारको दायित्वप्रति प्रश्न खडा गर्न सक्नेछ । सो प्रस्ताव राष्ट्रियसभाको घटिमा १/१० सदस्यको हस्ताक्षर भएमा मात्र मान्य हुनेछ । प्रस्ताव पेश गरेको ४८ घण्टापछि मात्र सो प्रस्ताव माथि मतदान हुन सक्नेछ । अविश्वासको प्रस्तावको पक्षमा खसेको मतको मात्र गणना गरिनेछ र राष्ट्रियसभाको कूल सदस्य संख्याको बहुमत प्राप्त भएमा मात्र अविश्वासको प्रस्ताव पारित हुनेछ । यसपछिको अनुच्छेदले देहायको अवस्थामा बाहेक, कुनै पनि एक सदस्यले एउटै साधारण सभामा ३ वटा भन्दा बढी र एउटै विशेष सभामा एउटा भन्दा बढी अविश्वासको प्रस्तावमा सही गर्न पाउनेछैन ।

मन्त्रिपरिषद्बाट छलफल भएपश्चात् प्रधानमन्त्रीले राष्ट्रियसभा समक्ष *अर्थ विधेयक वा सामाजिक*

*सुरक्षा सम्बन्धी वित्तीय विधेयक* विश्वासको मतको लागि राख्नेछ । सो विधेयक पेश भएको २४ घण्टाभित्र अविश्वासको प्रस्ताव दर्ता भई अघिल्लो अनुच्छेदमा उल्लेख भए बमोजिम मतदान भएको अवस्थामा बाहेक *सो विधेयक* पारित भएको मानिन्छ । *यसका अतिरिक्त, माथि उल्लिखित प्रक्रिया प्रयोग गरी प्रधानमन्त्रीले एक अधिवेशनमा अरू सरकारी वा व्यक्तिगत विधेयक पारित गराउन सक्दछ । [ १ मार्च २००९ मा लागू भएको ]*

प्रधानमन्त्रीले कार्य सामान्य कार्यनीतिको अनुमोदनका लागि सीनेट समक्ष अनुरोग गर्न सक्नेछ ।

### धारा - ५०

राष्ट्रियसभाले अविश्वासको प्रस्ताव पारित गरेमा वा सरकारको कुनै कार्यक्रम नीतिलाई अस्वीकृत गरेमा प्रधानमन्त्रीले राष्ट्रपति समक्ष आफ्नो पदबाट राजीनामा दिनुपर्नेछ ।

### धारा - ५०-१

*[ १ मार्च २००९ मा लागू भएको ]* कुनै पनि सदनमा सरकारले आफ्नो पहलमा वा धारा ५१-१ ले देहाएको कुनै राजनीतिक समूहको मागमा तोकिएको विषयको घोषणा गरी त्यस विषयमाथि छलफल गराउन सक्दछ र सरकारले निर्णय गरेको खण्डमा आफू उत्तरदायी नहुने गरी सो विषयमाथि निर्णयार्थ मतदान गराउन सक्दछ ।

### धारा - ५१

आवश्यक परेको खण्डमा धारा ४९ को कार्यान्वयन गर्नको लागि साधारण सभा वा विशेषसभाहरूको समाप्ति स्वतः स्थगित हुनेछ । यसै उद्देश्यको लागि थप बैठकहरू स्वतः बस्नेछन् ।

### धारा - ५१-१

*[ १ मार्च २००९ मा लागू भएको ]* हरेक सदनको नियमावलीले सो सदनमा गठन हुने समूहहरूको अधिकार निर्धारण गर्नेछ । प्रत्येक सदनमा रहेका संसदीय विपक्षी दलका साथै साना दलहरूका अधिकारहरूलाई सो नियमावलीले मान्यता प्रदान गर्नेछ ।

### धारा - ५१-२

*[ १ मार्च २००९ मा लागू भएको ]* धारा २४ को प्रथम अनुच्छेदमा उल्लिखित अनुगमन र मूल्याङ्कनको कार्य गर्नको लागि कानूनमा व्यवस्था गरिएबमोजिम सूचना संकलन गर्नको लागि हरेक सदनमा छानबीन समितिहरूको व्यवस्था गर्न सकिनेछ ।

ती समितिहरूको संगठन र कार्यप्रणाली कानूनले निर्धारण गर्नेछ । तिनीहरूको गठन सम्बन्धी शर्तहरू  हरेक सदनको नियमावलीले तोक्नेछ ।

## भाग -६

फ्रान्सको पृष्ठभूमिमा मात्र सान्दर्भिक हुने हुँदा अनुवाद गरिएको छैन ।

## भाग -७
# संवैधानिक परिषद्

**धारा - ५६**

संवैधानिक परिषद्मा नौं जना सदस्यहरू रहनेछन् र यसको समयावधि नौं वर्षको हुनेछ र नवीकरण हुनेछैन । संवैधानिक परिषद् हरेक ३ वर्षमा एक तिहाई सदस्यहरूको नवीकरण हुनेछ । तीनजना सदस्य राष्ट्रपतिले, तीनजना राष्ट्रियसभाको सभापतिले र तीनजना सीनेटको सभापतिले मनोनीत गर्नेछन् । *यी मनोनयनहरूमा धारा १३ को अन्तिम अनुच्छेदले व्यवस्था गरेको प्रक्रिया लागू हुनेछ। हरेक सदनको सभापतिले गरेको मनोनयन सम्बन्धित स्थायी समितिमा मात्र परामशार्थः पेश गर्न सकिन्छ । [ऐनले निर्धारण गरेका शर्तहरू र ती शर्तहरू लागू आवश्यक आंगिक ऐन अनुसार लागू भएको (२३ जुलाई २००८ को संवैधानिक ऐन २००८-७२४ को धारा ४६-१)]*

माथि उल्लेख गरिएका सदस्यहरूका अतिरिक्त पूर्व राष्ट्रपतिहरू पदेन संवैधानिक परिषद्को आजीवन सदस्य हुनेछन् ।

संवैधानिक परिषद्को सभापतिलाई राष्ट्रपतिले मनोनीत गर्नेछ। बराबर मत आएमा निर्णायक मत दिने अधिकार सभापतिलाई हुनेछ ।

**धारा - ५७**

संवैधानिक परिषद्का सदस्यहरूले मन्त्री अथवा संसदीय सदस्यका पदमा रही काम गर्न पाउँदैनन् । अन्य अयोग्यताहरू आंगिक ऐनमा व्यवस्था भएबमोजिम हुनेछन् ।

**धारा - ५८**

संवैधानिक परिषद्ले राष्ट्रपति पदको निर्वाचन नियम सम्मत भए नभएको अनुगमन गर्नेछ ।

यसले राष्ट्रपतिको निर्वाचनसँग सम्बधित उजुरीहरूमा जाँच र निर्वाचनको परिणामको घोषणा गर्दछ ।

**धारा - ५९**

संवैधानिक परिषद्ले राष्ट्रियसभा र सीनेटका सदस्यहरूको निर्वाचनको वैधानिकतालाई लिएर उठेका वादविवादहरूमाथि निर्णय गर्दछ ।

**धारा - ६०**

संवैधानिक परिषद्ले भाग १५ का धारा ११ र ८९ ले व्यवस्था गरेको जनमत संग्रह नियम सम्मत भए नभएको अनुगमन गर्नेछ । यसले जनमतको परिणामको घोषणा गर्नेछ ।

**धारा - ६१**

आङ्गिक ऐन जारी गर्नु पूर्व धारा ११ मा उल्लेख गरिएका व्यक्तिगत विधेयक जनमत संग्रहमा लैजानु पूर्व र सदनहरूका नियमहरू लागू गर्नु पूर्व अनिवार्य रूपमा संवैधानिक परिषद्मा पेश गर्नुपर्नेछ । यस परिषद्ले तिनीहरूको संवैधानिकताको बारेमा निर्णय गर्नेछ ।

यसैगरी, कुनै पनि ऐन जारी गर्नु पूर्व राष्ट्रपति, प्रधानमन्त्री, राष्ट्रियसभाको सभापति, सीनेटको सभापति अथवा राष्ट्रिय सभाका साठी जना सदस्यहरू अथवा सीनेटका साठी जना सदस्यहरूले संवैधानिक परिषद् समक्ष पेश गर्न सक्नेछन् ।

अघिल्ला दुई अनुच्छेदमा उल्लेख गरिएका अवस्थाहरूमा संवैधानिक परिषद्ले एक महिनाभित्र आफ्नो निर्णय दिनुपर्नेछ । तथापि, अत्यावश्यक भएमा, सरकारको मागमा आठ दिनभित्र यस परिषद्ले आफ्नो निर्णय सुनाउनु पर्नेछ ।

यीनै अवस्थाहरूमा, संवैधानिक परिषद्मा पेश भएका विधेयकहरूको जारी गर्ने समयावधि स्थगित हुन जानेछ ।

**धारा - ६१-१**

*[ऐनले निर्धारण गरेका शर्तहरू र ती शर्तहरू लागू आवश्यक आंगिक ऐन अनुसार लागू भएको (२३ जुलाई २००८ को संवैधानिक ऐन २००८-७२४ को धारा ४६-१)]* न्यायपालिकाले विचार ाधीन विषय अन्तर्गत कुनै कानूनी व्यवस्थाको कारण संविधानले सुनिश्चित गरेका हक र स्वतन्त्रता हनन् हुने ठहर गरेमा उक्त विषयलाई Cour de cassation* ले वा राज्य परिषद्ले संवैधानिक परिषद्मा पठाउनेछ । यस परिषद्ले तोकेको समयभित्र आफ्नो निर्णय सुनाउनेछ ।

आङ्गिक ऐनले यस धारा लागू हुने शर्तहरू निर्धारण गर्दछ ।

**धारा - ६२**

धारा ६१ अनुसार असंवैधानिक ठहर गरिएका व्यवस्थाहरूको जारी र कार्यान्वयन गर्न सकिँदैन ।

धारा ६१-१ को आधारमा असंवैधानिक ठहर गरिएको व्यवस्था संवैधानिक परिषदको निर्णय प्रकाशित भएको मिति देखि वा सो निर्णयमा खारेज गर्ने भनी तोकिएको मितिदेखि खारेज हुनेछ । कुन शर्त र कुन हदहरूले गर्दा सो असंवैधानिक ठहर गरिएको व्यवस्थाले ल्याएका परिणामहरूप्रति प्रश्न खडा गर्न सकिन्छ भनी संवैधानिक परिषद् निर्धारण गर्दछ ।

संवैधानिक परिषद्को निर्णयहरू विपरीत कुनै पनि ठाउँमा उजुर गर्न पाइँनेछैन । यस परिषद्का निर्णयहरू सम्पूर्ण प्रशासन र सबै प्रशासनिक निकाय र न्यायिक निकायले अनिवार्य पालना गर्नु पर्नेछ ।

**धारा - ६३**

आङ्गिक ऐनले संवैधानिक परिषद्को संगठन र कार्य सञ्चालन अँगालिने कार्यविधि र विशेषगरी त्यस समक्ष उजुरीहरू पेश गर्नुपर्ने म्याद सम्बन्धी नियम बनाउनेछ ।

# भाग -८
# न्यायपालिका

### धारा -६४

राष्ट्रपति स्वतन्त्र न्यायपालिकाको संरक्षक रहनेछ ।

निजलाई उच्च न्यायपरिषद्ले सघाउने छ ।

आङ्गिक ऐनले न्यायाधीशहरूको ओहदा निर्धारण गर्नेछ ।

न्यायाधीशहरूलाई हटाउन सकिँदैन ।

### धारा - ६५

*[ऐनले निर्धारण गरेका शर्तहरू र ती शर्तहरू लागू आवश्यक आंगिक ऐन अनुसार लागू भएको (२३ जुलाई २००८ को संवैधानिक ऐन २००८-७२४ को धारा ४६-१)]* । न्यायपालिकाको उच्च परिषद्मा दुई विभाग हुन्छन् । एउटा विभागले न्यायाधीशहरूको* अधिकार क्षेत्रहरू र अर्को विभागले सरकारी अभियोक्ताहरूको* अधिकार क्षेत्र सम्बन्धी व्यवस्था गर्नेछ ।

Cours de cassation को प्रधान न्यायाधीशले न्यायाधीशहरूको अधिकार क्षेत्र तोक्ने विभागको अध्यक्षता गर्नेछ। यस अतिरिक्त यस विभागमा पाँच जना न्यायाधीशहरू, एक सरकारी अभियोक्ता, राज्य परिषद्ले मनोनीत गरेको एक जना राज्य परिषद् सदस्य, एक जना अधिवक्ता र साथै व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकामा संलग्न नभएका ६ प्रतिष्ठित व्यक्तिहरू रहनेछन् । राष्ट्रपति, राष्ट्रियसभाको सभापति र सीनेटको सभापति प्रत्येकले दुई जना प्रतिष्ठित व्यक्तिहरू मनोनीत गर्नेछन् । प्रतिष्ठित व्यक्तिहरूको मनोनयन प्रक्रिया धारा १३ को अन्तिम अनुच्छेदले व्यवस्था गरेबमोजिम हुनेछ । प्रत्येक सदनको सभापतिले गरेको मनोनयन सम्बन्धित सदनको सम्बन्धित स्थायी समिति समक्ष मात्रै सल्लाहको लागि पेश गर्न सकिन्छ ।

Cour de cassation को प्रधान सरकारी अभियोक्ताले सरकारी अभियोक्ता हेर्ने विभागको अध्यक्षता गर्दछ । यसैगरी यस विभागमा पाँचजना सरकारी अभियोक्ता र एक जना न्यायाधीश र त्यसैगरी दोस्रो अनुच्छेदमा उल्लेख गरिएका राज्य परिषद्को सदस्य, अधिवक्ता र ६ प्रतिष्ठित व्यक्तिहरू रहनेछन् ।

न्यायाधीशहरू हेर्ने उच्च न्यायपरिषद्को विभागले Cour de cassation को लागि न्यायाधीशहरू, पुनरावेदन अदालतको प्रधान न्यायाधीश र Tribunaux de grande instance* को प्रधान न्यायाधीशको मनोनयन गर्दछ । अरू न्यायाधीशहरू यस विभागको सहमति बमोजिम नियुक्ति गरिन्छ ।

उच्च न्याय परिषद्‌को सरकारी अभियोक्ता हेर्ने विभागले सरकारी अभियोक्ताहरूको नियुक्ति सम्बन्धमा आफ्नो राय दिन्छ ।

न्यायाधीशहरू हेर्ने उच्च न्यायपरिषद्‌को विभागले न्यायाधीशहरूको अनुशासन समिति सरह निर्णय दिन्छ । त्यसैले, दोस्रो अनुच्छेदमा उल्लेख गरिएका सदस्यहरू अतिरिक्त त्यस समितिमा सरकारी अभियोक्ताहरू हेर्ने विभागको न्यायाधीश सदस्य रहनेछ ।

सरकारी अभियोक्ताहरू हेर्ने उच्च न्यायपरिषद्‌को विभागले सरकारी अभियोक्ताहरूसँग सम्बन्धित अनुशासनात्मक कारवाहीहरूमा आफ्नो राय दिन्छ । त्यसैले तेस्रो अनुच्छेदमा उल्लेख गरिएका सदस्यहरू अतिरिक्त न्यायाधीशहरू हेर्ने विभागको सरकारी अभियोक्ता सदस्य रहनेछ ।

धारा ६४ को व्यवस्था अनुसार राष्ट्रपतिद्वारा माग गरिएको राय सुझाव दिनको लागि उच्च न्यायपरिषद्‌को दुवै समूहको सम्पूर्ण सदस्यहरूको पूर्ण बैठकले न्यायाधीशहरूको बस्नेछ । यसै किसिमको बैठकले न्यायपालिकाका सदस्यहरूको आचारसंहिताको सम्बन्धमा उठेका प्रश्नहरूका साथै कानून मन्त्रीले न्यायालयको कार्य सञ्चालन सम्बन्धी पेश गरेका प्रश्नहरूमाथि आफ्नो निर्णय सुनाउँछ । पूर्ण बैठकमा अनुच्छेद दुईमा उल्लेखित पाँचमध्य तीन न्यायाधीशहरू, तेस्रो अनुच्छेदमा उल्लेखित पाँचमध्य तीन सरकारी अभियोक्ताहरूका साथै राज्य परिषद् सदस्य, अधिवक्ता र दोस्रो अनुच्छेदमा उल्लिखित ६ जना प्रतिष्ठित व्यक्तिहरू रहनेछन् । यस बैठकको अध्यक्षता Cour de cassation को प्रधान न्यायाधीशले गर्नेछ र निजलाई त्यस अदालतको प्रधान सरकारी अभियोक्ताले स्थानापन्न गर्न सक्नेछ ।

उच्च न्याय परिषद्‌को बैठकहरूमा, अनुशासन सम्बन्धित विषयहरूमा बाहेक, कानून मन्त्री सहभागी हुन सक्नेछ ।

आङ्गिक ऐनले निर्धारण गरेको शर्तमा रही कानूनी रूपमा सक्षम व्यक्तिहरू उच्च न्यायपरिषद् समक्ष जान सक्छन् ।

यस धारा लागू हुने शर्तहरू आङ्गिक ऐनले निर्धारण गर्दछ ।

**धारा - ६६**

कसैलाई पनि स्वेच्छाकारी ढंगले थुनामा राख्न पाइनेछैन ।

नागरिक स्वतन्त्रताको संरक्षक न्यायपालिकाले कानूनद्वारा निर्धारण गरिएका आधारहरूमा यी मूल्य मान्यताको पालनाको सुनिश्चितता गर्दछ ।

**धारा - ६६-१**

कसैलाई पनि मृत्यु दण्डको सजाय दिन पाइनेछैन ।

# भाग -९
# उच्च न्यायालय

**धारा - ६७**

धारा ५३-२ र ६८ मा उल्लेखित अवस्थाहरूमा बाहेक पदीय दायित्वमा रही गरेका काम कारवाहीप्रति राष्ट्रपति उत्तरदायी हुनेछैन ।

राष्ट्रपतिले निजको पदावधिभर कुनै पनि अदालत वा प्रशासनिक निकाय समक्ष बयान दिनुपर्ने छैन र साथै निजउपर कुनै पनि प्रशासनिक कारवाई, अदालतीय कारवाई र छानबीन गर्न पाइँदैन र निज माथि कुनै पनि आरोप लगाउन र फौजदारी मुद्दा चलाउन पाइँदैन । पदावधिभर यी कार वाहीहरूको म्याद स्थगन हुनेछ ।

पदको कारण यस प्रकारले रोकिएका कारवाही र मुद्दाहरू राष्ट्रपतिको कार्यकाल सकिएको १ महिनापछि निजउपर फेरि चलाउन सकिन्छ ।

**धारा - ६८**

स्पष्ट रूपमा पदीय मर्यादा विपरीत गरेका काम कारवाहीलाई लिएर बाहेक राष्ट्रपतिलाई निजको पदबाट हटाउन सकिँदैन । दुवै सदनले उच्च न्यायालयको रूपमा राष्ट्रपतिलाई पदमुक्त गरिएको कुराको घोषणा गर्दछ ।

कुनै एक सदनले उच्च न्यायालयको बैठकबाट पारित गरेको प्रस्ताव तुरून्तै अर्को सदनलाई जानकारी दिनुपर्दछ, जसले पन्ध्र दिनभित्र आफ्नो निर्णय दिनुपर्नेछ ।

राष्ट्रिय सभाको सभापतिले उच्च न्यायालयको अध्यक्षता गर्नेछ । उच्च न्यायालयले गोप्य मतदानको माध्यमबाट एक महिनाभित्र पदमुक्तिको फैसला सुनाउँनेछ । यसको निर्णय तुरून्त लागू हुनेछ ।

यस धाराको व्यवस्था अनुरूपका निर्णयहरूको लागि सम्बन्धित सदन अथवा उच्च न्यायालयको दुई तिहाई सदस्यहरूको समर्थनको आवश्यकता पर्नेछ । परोक्षी मत हाल्न निषेधित हुनेछ । उच्च न्यायालयको बैठकको प्रस्ताव वा पदमुक्तिको पक्षमा खसेको मतको मात्रै गणना गरिन्छ ।

आङ्गिक ऐनले यस धारा लागू हुने शर्तहरू निर्धारण गर्नेछ ।

# भाग - १०
# सरकारी सदस्यहरूको कानूनी दायित्व

**धारा - ६८-१**

सरकारका सदस्यहरू पदमा बहाल रहेका बेलामा गरेका काम कारवाहीहरू अपराधिक र कानून विपरीत भई जेल सजाय हुन सक्ने भएमा, निजहरू कानूनी रूपमा दण्ड सजायको भागीदार हुनेछन् ।

निजहरूउपरको पुर्पक्ष गणतन्त्रको न्यायिक अदालतले* गर्नेछ ।

गणतन्त्रको न्यायिक अदालतले निजहरूमाथि गम्भीर अपराध तथा अन्य गम्भीर कसूरहरूका लागि गरिएको परिभाषा तथा तिनका लागि तोकिएका सजायहरू ऐनमा लेखिए बमोजिम दिन बाध्य हुनेछ ।

**धारा - ६८-२**

गणतन्त्रको न्यायिक अदालतमा पन्ध्रजना न्यायाधीशहरू रहनेछन् : साधारण अथवा आंशिक नवीकरण पछि राष्ट्रियसभा र सीनेटबाट बराबर संख्यामा चुनिएका बाह्र सदस्यहरू र Cour de cassation का तीन जना न्यायाधीशहरू जसमध्य एक जनाले गणतन्त्रको न्यायिक अदालतको अध्यक्षता गर्नेछ ।

सरकारका सदस्यहरूले पदमा रहेर गरेका काम कारवाहीको दौरानमा निजहरूबाट हुन गएको गम्भीर अपराध वा गम्भीर कसूरहरूबाट पीडित व्यक्तिहरूले याचिका समिति समक्ष उजुरी गर्न सक्नेछन् ।

यस समितिले सो उजुरलाई खारेज गर्न वा सो उजुरीलाई गणतन्त्रको न्यायिक अदालतमा पेश गर्न Cour de cassation को अभियोक्ता समक्ष सो उजुरी पेश गर्न आदेश दिन सक्नेछ ।

Cour de cassation को अभियोक्ताले याचिका समितिको सहमतिमा कुनै पनि उजुरीलाई सिधै गणतन्त्रको न्यायिक अदालत समक्ष पेश गर्न सक्नेछ ।

आङ्गिक ऐनले यस धारा लागू हुने आधारहरू निर्धारण गर्नेछ ।

**धारा - ६८-३**

यस भागका व्यवस्थाहरू लागू हुनु भन्दा पहिले गरिएका काम कारवाहीमा पनि यो व्यवस्था लागू हुनेछ ।

## भाग -११

फ्रान्सको पृष्ठभूमिमा मात्र सान्दर्भिक हुने हुँदा अनुवाद गरिएको छैन ।

## भाग-११ (क)
## अधिकारहरूको रक्षक सम्बन्धी व्यवस्था

*[ऐनले निर्धारण गरेका शर्तहरू र ती शर्तहरू लागू आवश्यक आंगिक ऐन अनुसार लागू भएको (२३ जुलाई २००८ को संवैधानिक कानून २००८-७२४ को धारा ४६-१)]*

### धारा - ७१-१

अधिकारहरूको रक्षकले राज्य प्रशासन, स्थानीय निकायहरू, सार्वजनिक संरचनाका साथै जनसेवा गर्ने उद्देश्य सहित गठन भएका अथवा आङ्गिक ऐनद्वारा सो कार्यको लागि सक्षम मानिएका सबै निकायले अधिकार र स्वतन्त्रताको उचित सम्मान गर्ने प्रत्याभूत गर्नेछ ।

सार्वजनिक सेवाको निकाय वा पहिलो अनुच्छेदमा उल्लेख गरिएको निकायको काम कारवाहीको कारण पीडित व्यक्तिहरूले आङ्गिक ऐनले तोकेको कार्यविधि अनुसार निज समक्ष उजुरी दिन सक्नेछन् । निजले स्वविवेकमा कारवाही गर्न सक्नेछ ।

अधिकारहरूको रक्षकको अधिकार र कारवाही बारे आङ्गिक ऐनले निर्धारण गर्नेछ । साथै यस कानूनले निजको केही अधिकारहरूको प्रयोगमा तेस्रो पक्षको सहयोग लिन सक्ने अवस्थाहरूको निर्धारण गर्नेछ ।

धारा १३ को अन्तिम अनुच्छेदको नियुक्ति सम्बन्धी व्यवस्थाको आधारमा राष्ट्रपतिले अधिकार हरूको रक्षक ६ वर्षको लागि नियुक्त गर्नेछ। निजको पदावधि थपिने छैन। निज सरकार र सदनको सदस्य रहेको हुनुहुँदैन । सो पदको लागि अरू अयोग्यताहरू आङ्गिक ऐनले निर्धारण गर्नेछ ।

अधिकारहरूको रक्षकले आफ्नो कार्यका लागि राष्ट्रपति र सदनप्रति उत्तरदायी हुनेछ ।

## भाग -१२
## क्षेत्रीय निकायहरू सम्बन्धी व्यवस्था

### धारा - ७२

गणतान्त्रिक फ्रान्सका क्षेत्रीय निकायहरू Communes*, Departements*, क्षेत्र, विशेष अधिकार प्राप्त क्षेत्रीय निकाय र धारा ७४ को व्यवस्था बमोजिम स्थापित समुन्द्रपारका क्षेत्रीय निकायहरू हुन् । आवश्यक भएमा यस अनुच्छेदमा उल्लेख भएका एक वा अनेक निकायहरूलाई प्रतिस्थापना गर्न ऐनले अरू क्षेत्रीय निकायको व्यवस्था गर्नेछ ।

क्षेत्रीय निकायले आफ्नो तहबाट सर्वोत्तम् रूपमा गर्न सक्ने आफ्नो अधिकार क्षेत्रभित्र पर्ने सम्पूर्ण विषयहरूको निर्णय गर्न सक्नेछ । ऐनले व्यवस्था गरेका शर्तहरूमा निर्वाचित परिषद्हरूबाट यी निकायहरू स्वायत्त हुनेछन् र आफ्ना अधिकारहरू प्रयोग गर्न आवश्यक नियमहरू बनाउन सक्नेछन् ।

क्षेत्रीय निकाय वा तिनका संगठनहरूले संविधानद्वारा सुनिश्चित गरिएका नागरिक स्वतन्त्रता र अधिकार प्रयोग गर्ने आवश्यक शर्तहरू प्रभावित भएको अवस्थामा बाहेक, कानूनले अथवा नियमले व्यवस्था गरेको भएमा, अवस्था हेरी, आङ्गिक ऐनले निर्धारण गरेका शर्तहरूमा, आफ्ना अधिकारहरू निर्धारण गर्ने कानूनी व्यवस्था वा नियमावलीबाट व्यवस्था गरिएको प्रावधान बमोजिम सीमित उद्देश्य तथा अवधिका लागि प्रयोगात्मक आधारमा अवज्ञा गर्न सक्नेछन् ।

कुनै पनि क्षेत्रीय निकाय अर्को क्षेत्रीय निकायको मातहतमा रहनेछैन । अद्यपि, कुनै अधिकार प्रयोग गर्न एक भन्दा बढी क्षेत्रीय निकायको आवश्यकता भएमा, कानूनले ती मध्य एक वा तिनको कुनै एक संगठनलाई सामूहिक कार्य सञ्चालन गर्ने अधिकार दिन सक्नेछ ।

गणतन्त्रको क्षेत्रीय निकायहरूमा सरकारको हरेक सदस्यहरूको प्रतिनिधित्व गर्ने राज्य प्रतिनिधिले राष्ट्रिय हित, प्रशासनिक अनुगमन र कानूनको पालन गर्ने दायित्व बोकेको हुन्छ ।

### धारा - ७२-१

हरेक क्षेत्रीय निकायका मतदाताहरूले याचिका दर्ता गराउन पाउने अधिकारमार्फत क्षेत्रीय निकायहरूको सभाको विषयसूचीमा क्षेत्रीय निकायको अधिकार क्षेत्रभित्र पर्ने विषयमाथि प्रश्न राख्न पाउने शर्तहरू ऐनले निर्धारण गर्नेछ । आङ्गिक ऐनले तोकेको शर्तहरू अनुसार क्षेत्रीय निकायहरूको अधिकार क्षेत्रमा पर्ने निर्णय र ऐनहरूको मस्यौदा क्षेत्रीय निकायको पहलमा जनमत संग्रहमार्फत सो मस्यौदा निर्णायार्थ क्षेत्रीय निकायको मतदाता समक्ष पठाउन सकिनेछ ।

विशेष अधिकार सम्पन्न क्षेत्रीय निकाय स्थापना गर्ने भएमा अथवा त्यसको संगठन संशोधन गर्ने भएमा सम्बन्धित क्षेत्रीय निकायका मतदाताहरूसँग सल्लाह लिन कानूनले निर्णय गर्न सक्नेछ ।

क्षेत्रीय निकायहरूको अधिकार क्षेत्र संशोधन गर्नुपर्ने भएमा पनि ऐनले व्यवस्था गरेका शर्तहरूमा मतदाताहरूसँग सल्लाह लिन सकिनेछ ।

**धारा - ७२-२**

ऐनले व्यवस्था गरे बमोजिम क्षेत्रीय निकायहरूले स्वतन्त्र रूपमा पाउनुपर्ने आय आम्दानीको संचालन गर्न पाउनेछ ।

त्यसले सबै किसिमका करहरूबाट संकलित रकमको पूर्ण वा आंशिक अंश पाउन सक्नेछ । ऐनले तिनलाई ऐनको दायरामा रही कर क्षेत्र र दर निर्धारण गर्ने अधिकार प्रदान गर्न सक्नेछ ।

राजश्वबाट उठेका आमदानी र अरू स्थानीय स्रोतहरूबाट आर्जित आम्दानी प्रत्येक क्षेत्रीय निकायको सम्पूर्ण आमदानीको प्रमुख अंश रहनेछ ।

आङ्गिक ऐनले यस्ता नियम लागू हुने शर्तहरू निर्धारण गर्नेछ ।

क्षेत्रीय निकाय र केन्द्रीय सरकारबीच एकबाट अर्कोमा शक्ति हस्तान्तरण भएको अवस्थामा ती शक्तिहरूको कार्यान्वयनको लागि आवश्यक सोही अनुरूपको साधन र स्रोतहरूको पनि शक्ति प्राप्त गर्ने निकायमा हस्तान्तरण हुन जान्छ । सबै शक्तिको रचना वा बढावा हुँदा बढ्न जाने स्थानीय निकायको खर्च ऐनले निर्धारण गरे बमोजिमको हुनेछ ।

क्षेत्रीय निकायहरूबीच समानता प्रोत्साहन गर्ने उद्देश्यले समानताको संयन्त्र ऐनद्वारा व्यवस्थित हुनेछ ।

**धारा - ७२-३, ७२-४, ७३ र ७४, ७४-१** हरू फ्रान्सको पृष्ठभूमिमा मात्र सान्दर्भिक हुने हुँदा अनुवाद गरिएको छैन ।

**धारा - ७ ५**

सामान्य नागरिक हैसियत नभएका नागरिकहरूले धारा ३४ मा उल्लेख भएको हैसियतहरूले त्याग नगरेसम्म सो व्यक्तिगत हैसियत संरक्षित भइरहनेछ ।

**धारा - ७५-१**

क्षेत्रीय भाषाहरू फ्रान्सको राष्ट्रिय सम्पदा हुन् ।

**धारा - ७६** (खारेज गरिएको)

**भाग -१३, १४, १५** का फ्रान्सको पृष्ठभूमिमा मात्र सान्दर्भिक हुने हुँदा अनुवाद गरिएको छैन ।

## भाग -१६

# संशोधन सम्बन्धी व्यवस्था

**धारा - ८९**

राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिशमा र संसदका सदस्यहरूले संविधान संशोधनको कदम चाल्न सक्नेछ ।

धारा ४२ को तेस्रो अनुच्छेदले तोकेको म्यादभित्र संविधान संशोधन गर्ने सरकारी वा व्यक्तिगत विधेयकमाथि छलफल गर्नुपर्नेछ र दुवै सदनले समान शर्तहरूमा पारित गर्नुपर्नेछ । जनमत संग्रहद्वारा अनुमोदन पश्चात् लागू हुनेछ ।

तथापि, राष्ट्रपतिले दुवै सदनहरूलाई बोलाइएको सभासमक्ष संशोधनको प्रस्ताव राख्ने निर्णय गरेमा सो प्रस्ताव जनमत संग्रहको लागि पठाइने छैन । सो अवस्थामा खसेको मतको ३/५ बहुमत पाउन सकेमा मात्रै सो प्रस्ताव पारित हुनेछ । संयुक्त सभाको* सभा कार्यसमिति राष्ट्रियसभा हुनेछ ।

राष्ट्रिय अखण्डता जोखिममा पार्ने कुनै पनि संशोधनको प्रक्रियालाई प्रारम्भ गर्ने वा निरन्तरता दिन सकिँदैन ।

सरकारको गणतान्त्रिक संरचनामा कुनै पनि संशोधन गर्न सकिँदैन ।

## भाग -१७

फ्रान्सको पृष्ठभूमिमा मात्र सान्दर्भिक हुने हुँदा अनुवाद गरिएको छैन ।

# अनुसूची

| फ्रान्सेली शब्द | अंग्रेजी शब्द | नेपाली शब्द |
|---|---|---|
| Assemblée Nationale | National Assembly | राष्ट्रिय सभा तल्लो सदन |
| Collectivités territoriales | Territorial communities | क्षेत्रीय निकायहरू |
| Commune | - | नगर तथा गाउँ |
| Congrès | Congress | संयुक्त सभा |
| Conseil constitutionnel | Constitutional Council | संवैधानिक परिषद् |
| Conseil d'Etat | - | राज्य परिषद् |
| Conseil supérieur de la magistrature | High council of  the Judiciary | उच्च न्याय परिषद् |
| Cour justice de la République | Court of Justice of the Republic | गणतन्त्रको न्यायिक अदालत |
| Cour de cassation | - | दोस्रो तहको पुनरावेदन अदालत |
| Cour des Comptes | - | महालेखा आयोग |
| Défenseur des droits | Defender of Rights | अधिकारहरूको रक्षक |
| Département | - | जिल्ला |
| Haute Cour | High Court | उच्च न्यायालय |
| Loi organique | Institutional Act | आंगिक ऐन |
| Magistrat du parquet | Public prosecutor | सरकारी अभियोक्ता |
| Magistrat du siège | Judge | न्यायाधीश |
| Préfet | Prefect | जिल्ला प्रमुख अधिकारी |
| Sécurité sociale | Social security | सामाजिक सुरक्षा (स्वास्थ्य, परिवार, निवृत्तिभरण भत्ता सम्बन्धी) |
| Sénat | Senate | माथिल्लो सदन |
| Tribunaux de grande instance | | प्रारम्भिक तहको फौजदारी अदालत |

# गणतन्त्र फ्रान्सको संविधान

४ अक्टोबर १९५८

## नेपाली अनुवाद

Liberté • Égalité • Fraternité
RÉPUBLIQUE FRANÇAISE

फ्रान्सेली केन्द्र
af de Katmandou